# नेपाल उद्योग वाणिज्य महासंघ
## Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्या : ( ४३५ )

२०८१/७/२३

**श्री सदस्य महानुभावहरु**
**नेउवामहासंघ ।**

**बिषय : विधान संशोधनको लागि विशेष साधारण सभा वोलाईएको वारे ।**

महोदय,

गत २०८० चैत्र २८ र २९ गते सम्पन्न महासंघको ५८ औं वार्षिक साधारण सभाले महासंघको विधान संशोधनको प्रकृया अगाडी बढाउन निर्देशन दिएकोमा मिति २०८१/२/२० को स्थायी समिति र २०८१ असार २४ गतेको सातौ कार्यकारिणी समितिको वैठकले विधान संशोधनको मस्यौदा सर्वसम्मतले पारित गरि विधानको दफा ६६.१(क) अनुसार सवै सदस्य संघ संस्थामा पठाई सकिएको व्यहोरा अवगत नै छ ।

तत्पश्चायत २०८१ असोज २ गतेको आठौं कार्यकारिणी समिति वैठकले २०८१ मंसिर २५ गते विशेष साधारण सभामा संशोधन मस्यौदा पेश गर्ने निर्णय गरेको हुँदा निम्न मिति, समय र स्थानमा महासंघको विशेष साधारण सभा वोलाइएको व्यहोरा निर्णयानुसार जानकारी गराउदछु ।

साथै विशेष साधारण सभामा भाग लिन सदस्य संघ/संस्थाहरुबाट निम्न व्यवस्था अनुसार प्रतिनिधी मनोनयन गरी पठाई दिन हुन अनुरोध गर्दछु ।

**विशेष साधारण सभा हुने मिति, समय तथा स्थान:**

मिति : २०८१ मंसीर २५ गते मंगलवार (December 10, 2024)
समय : विहान १०:३० बजे ।
स्थान : रामवाघ महल, भनिमण्डल, ललितपुर ।

(क) विशेष साधारण सभामा भाग लिन सदस्य संघ/संस्थाहरुबाट मुख्य प्रतिनिधि नियुक्त गरी संलग्न प्रतिनिधिपत्र भरी **२०८१ मंसीर २४ गते भित्र**मा महासंघको सचिवालयमा आई पुग्ने गरी पठाई दिनु हुन अनुरोध छ ।

(ख) जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघबाट अध्यक्ष नै मुख्य प्रतिनिधिको रुपमा रहनु पर्ने छ । अध्यक्ष आउन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित संघको कार्य समितिबाट मुख्य प्रतिनिधि नियुक्तिको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(ग) एशोसिएट सदस्यको प्रतिनिधित्वको हकमा विधान अनुसार अधिकार प्राप्त व्यक्ति आफै वा सोही संस्थाको घटीमा नायव महाप्रवन्धक तहको व्यक्ति एकजनालाई मुख्य प्रतिनिधि नियुक्ति गरी सस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिको दस्तखत सहित पठाउनु पर्नेछ ।

क्रमशः....२

PO Box 269, Shahid Shukra FNCCI Milan Marga, Pachali, Teku, Kathmandu, Nepal
Tel: : 5362061, 5366889, 5362218
Cable : FEDERATION Fax : 977-1-5361022, 5362007
E-mai: fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ५३६२०६१, ५३६२२१८, ५३६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
इ-मेल : fncci@mos.com.np

https://www.fncci.org/

STOP Child Labour

(घ) महासंघका सदस्य संघ जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुबाट मुख्य प्रतिनिधि सहित ३ जना र वस्तुगत संघहरुबाट मुख्य प्रतिनिधि सहित २ जना प्रतिनिधिमण्डल पठाउन सकिने छ । द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

(ङ) विशेष साधारण सभामा भाग लिनको लागि सदस्य संघ संस्था/प्रतिष्ठानहरूले आ.व. २०८१/८२ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ । उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सबै सदस्य संघ संस्था/प्रतिष्ठानहरुले यही **२०८१ मंसीर २४ गते साँझ ५:०० बजेभित्र** महासंघको सचिवालयमा बुझाउनु पर्ने छ ।

(च) विशेष सधारण सभामा भाग लिन प्रति व्यक्ति प्रतिनिधि शुल्क रु. ३,५००। (अक्षरपि तीन हजार पाँच सय रुपैयाँ) प्रतिनिधि पत्रका साथ पठाउनु पर्ने छ ।

(छ) वार्षिक सदस्यता शुल्क र प्रतिनिधि शुल्क online मार्फत समेत पठाउन सकिने छ ।

बैक विवरण

| A/C Name | Name of Bank | Address | A/C Number |
|---|---|---|---|
| FNCCI | Global IME Bank Ltd | Tripureshwor | 30101010000463 |

भवदीय,

(गोकर्ण राज अवस्थी)
महानिर्देशक

**संलग्न** :
प्रतिनिधि पत्र फारम ।




**बोधार्थ** :

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री पदाधिकारीज्यूहरू, नेउवामहासंघ ।
श्री कार्यकारिणी समिति सदस्यज्यूहरु, नेउवामहासंघ

**प्रतिनिधि – पत्र**

मिति:

श्री महानिर्देशक,
नेपाल उद्योग वाणिज्य महासंघ,
टेकू, पोष्ट बक्स नं. २६९, काठमाडौं ।

महाशय,

नेपाल उद्योग वाणिज्य महासंघको सदस्यको हैसियतले २०८१ मंसीर २५ गते ........... काठमाडौंमा आयोजना हुने महासंघको विशेष साधारण सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्न लिखित प्रतिनिधि मनोनयन गरी पठाएको छु । प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु. .......। का दरले जम्मा रु..................... को चेक/ड्राफ्ट/नगद पनि यसै साथ संलग्न छ ।

**संघ/संस्थाको नाम** :.........................................................

| **मुख्य प्रतिनिधि** | **प्रतिनिधि** | **मुख्य प्रतिनिधि** |
|---|---|---|
| (क) नाम : | (क) नाम : | (क) नाम : |
| (ख) दर्जा : | (ख) दर्जा : | (ख) दर्जा : |
| (ग) दस्तखत नमुना .................. | (ग) दस्तखत .............. | (ग) दस्तखत नमुना ................... |

भवदीय,

मनोनयन गर्ने संघ/संस्थाको
तर्फबाट पदाधिकारीको दस्तखत : .................
दस्तखत गर्नेको पुरा नाम :
पद :
मिति :

संस्थाको छाप

**उपरोक्त अनुसारको विवरण ठिक सही छ भनि प्रमाणित गर्दछु ।..............................**

**<u>द्रष्टव्य:</u>**

१. सदस्य संघ/प्रतिष्ठानहरूले आ.व. २०८१/८२ सम्मको वार्षिक सदस्यता शुल्क तिर्न बाँकी रहेछ भने सो समेत बुझाउन हुन ।

२. प्रतिनिधि शुल्क सहित प्रतिनिधि पत्र **२०८१ मंसीर २४ गते** भित्र दर्ता गराई सक्नु पर्नेछ ।

३. वार्षिक सदस्यता शुल्क र प्रतिनिधि शुल्क online मार्फत समेत पठाउन सकिने छ ।

## बैक विवरण

| A/C Name | Name of Bank | Address | A/C Number |
|---|---|---|---|
| FNCCI | Global IME Bank Ltd | Tripureshwor | 30101010000463 |